कार्यालय प्रमुख: ९८५८४८४१५४
प्रशासन शाखा: ९८६४७५१७९७
सूचना अधिकारी: ९८५८४८४१५१

# चौरपाटी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चौरपाटी, अछाम
## सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८३/०८४
सूचना नं. ०१

## रिक्त पदहरुको करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१२ गते)

प्रस्तुत विषयमा यस चौरपाटी गाउँपालिकाको कार्यालय अन्तर्गत रिक्त रहेका तपसिलमा उल्लेखित पदहरुमा चौरपाटी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समयभित्र राजश्व तिरेको रसिद र आवश्यक कागजात सहित दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या | आवश्यक शैक्षिक योग्यता | परीक्षा फाराम शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१ | ०१-२०८३/०८४ | अ.सब इन्जिनियर (सहायकस्तर चौथो) | २ (दुई) | मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्राविधिक एस एल सि वा डिप्लोमा तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने । | ५००/- | |
| ०२ | ०२-२०८३/०८४ | उद्यम विकास सहजकर्ता (सहायकस्तर चौथो) | १ (एक) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) वा सहजकर्ता सीप परीक्षण तह २ उत्तीर्ण गरेको हुनुपर्ने । | ५००/- | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत |
| ०३ | ०३-२०८३/०८४ | सामाजिक परिचालक | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ वा सो सरह उत्तीर्ण गरि सामाजिक क्षेत्रमा काम गरेको हुनुपर्ने। | ५००/- | गरिबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत |

१) **उम्मेदवारको उमेरः** पुरुषको उम्मेदवारको हकमा दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पूरा भइ ३५ वर्ष ननाघेको हुनु पर्ने र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने।

२) **आवेदनमा संलग्न आवश्यक कागजातहरुः-**
- क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
- ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
- ग) कामको अनुभव भए सो अनुभवको प्रमाणपत्रको प्रतिलिपी ।
- घ) २ प्रति पासपोर्ट साइजको फोटो ।

३) दरखास्त दिने स्थानः- चौरपाटी गाउँपालिकाको कार्यालय, प्रशासन शाखा ।

४) **छनौटको किसिमः** लिखित र अन्तवार्ता हुने छ ।

५) **सेवा सुविधाः-** सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

६) **परीक्षा सञ्चालनको मितिः** दरखास्तको म्याद सकिए पश्चात तोकिनेछ ।

७) दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट पेश गर्न सकिनेछ ।

८) म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुने छैन तथा रित नपुगी पेश भएका दरखास्तहरु बदर गरिनेछ ।

.................................
**कृष्ण प्रसाद पौड्याल**
**प्रमुख प्रशासकीय अधिकृत**